# विश्वविद्यालय अनुदान आयोग

पत्र संख्या :

च. नं. : ८६

मिति : २०७५/४/१०

**विषय :** सेमेष्टरमा परिमार्जित कार्यक्रम संचालन गरे वापतको अनुदानका लागि आवेदन बुझाउने बारे ।

परियोजनामा सहभागी सामुदायिक क्याम्पसहरु तथा
त्रि.वि. बाहेकका अन्य विश्वविद्यालयका स्कुल/ केन्द्रीय विभाग/ आंगिक क्याम्पसहरु ।

विश्वविद्यालय अनुदान आयोगबाट संचालित उच्च शिक्षा सुधार परियोजना (HERP) को DLI 5 - **"विद्यमान शैक्षिक कार्यक्रममा परिमार्जन एवम् नयाँ कार्यक्रमहरूको विकास तथा संचालन"** अन्तर्गतको २०१७ जुलाई १ पश्चात् वार्षिकबाट परिमार्जन गरी सेमेस्टरप्रणालीमा वा सेमेष्टर प्रणालीमा सञ्चालन गरिएका स्नातक/ स्नातकोत्तर कार्यक्रम परिमार्जन गरे वापत विश्वविद्यालय अन्तर्गतका सङ्काय/ अध्ययन संस्थान/ स्कुल/ केन्द्रीय विभाग/ आंगिक तथा सहभागी सामुदायिक क्याम्पसहरूलाई अनुदान उपलब्ध गराइने प्रावधान अनुसार सन् २०१७ जुलाई १ पश्चात् उपरोक्त अनुसारको परिमार्जित कार्यक्रम संचालन गरे वापतको अनुदानका लागि सम्वन्धित् उच्च शैक्षिक संस्थाहरुले तपसिल अनुसारको कागजात संलग्न गरी मिति २०७५।५।१५ गते भित्र आयोगमा आवेदन बुझाउन हुन सूचित गरिन्छ ।

२०७५।४।१०
(सुवासचन्द्र ढुंगेल)
प्रमुख प्रशासकीय अधिकृत

**परियोजनामा सहभागी सामुदायिक क्याम्पसहरुले संलग्न गर्नु पर्ने कागजातहरुः**

१. निवेदन
२. आवेदन फारम
३. सम्बन्धित् निकायको कार्यक्रम संचालन स्वीकृति
४. कार्यक्रममा भर्ना भएका विद्यार्थीहरुको नामावली

**अन्य उच्च शैक्षिक संस्थाहरुको हकमा थप कागजातः**

५. पछिल्लो आ.व. को लेखा परीक्षण प्रतिवेदन
६. शैक्षिक व्यवस्थापन सूचना प्रणालीको (EMIS) व्यवस्था गरिएको भनी आवश्यक व्यहोरा सहीतको पत्र माइन्युट
७. गुणस्तर सुनिश्चितता तथा प्रत्यायन (QAA) का लागि LOI स्वीकृत भएको पत्रको प्रति

सानोठिमी, भक्तपुर, फोनः ६६३८५४८, ६६३८५४९, ६६३८५५०, ६६३८५५१, फ्याक्सः ९७७-१-६६३८५५२, पोष्ट बक्स नं. १०७९६ काठमाडौं, नेपाल